**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेक प्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं**

**फैसला**

२०७८।०७९ सालको निर्णय नं. ३३०

पुनरावेदन नं. ०७५-RB-०३७४

**मुद्दाः– भन्सार महसुल निर्धारण (१९७३७)**

| | |
|---|---|
| नवलपरासी जिल्ला तमसरिया गा.वि.स. वडा नं. ६ को परिवर्तित नवलपुर जिल्ला मध्यविन्दु नगरपालिका वडा नं. ८ स्थित न्यू मनकामना मिलर प्रोडक्ट प्रा.लि. तर्फबाट ऐ.प्रा.लि. का संस्थापक अध्यक्ष विष्णु कुमार कार्की..........................................................................१ | पुनरावेदक/ प्रतिवादी |

**विरुद्ध**

| | |
|---|---|
| भन्सार विभाग अन्तर्गत भन्सार जाँचपास परीक्षण कार्यालय, सुविधानगर, तिनकुने,काठमाडौं ...........................................................१ | प्रत्यर्थी/ वादी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः श्री भन्सार जाँचपास परीक्षण कार्यालय काठमाडौं

निर्णय गर्ने अधिकरीः प्रमुख भन्सार परीक्षण प्रशासक श्री सुशिल पाण्डे

शुरु कार्यालयको निर्णय मितिः २०७६।०१।२९

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : ×

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री बिमला गौतम

यसमा भन्सार जाँचपास परीक्षण कार्यालय काठमाडौंबाट मिति २०७६।०१।२९ मा भएको निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२ तथा राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पुनरावेदन पत्र दर्ता भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यसप्रकार रहेको छः-

## तथ्य खण्ड

१. श्री भन्सार जाँचपास परीक्षण कार्यालय, तिनकुने, काठमाडौंको कार्यक्षेत्र अन्तर्गतका पैठारीकर्ता श्री **New Manakamana Miller Product Pvt.Ltd.** ले भैरहवा भन्सार कार्यालयबाट सन् २०१४।०३।१२ प्रज्ञापनपत्र नं. **P**१९७३७ मा पैठारी गरेको मालवस्तुको भन्सार जाँचपास पछिको परीक्षण गर्न छनौट भइ उक्त पैठारीसँग सम्बन्धित कागज प्रमाणहरु पेश गर्न मिति २०७६।१।१३ गते पत्राचार गरिएको।

२. प्रस्तुत पैठारीकर्तालले पैठारी गरेको मालवस्तुको भन्सार दरबन्दी वर्गिकरण फरक पारी घटी महसुल दाखिला गरेको देखिएकोले भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा (३) बमोजिम थप महसुल निर्धारण गर्नुपर्ने हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र लिखित जवाफ पेश गर्न मिति २०७६।१।१३ गते सूचना जारी गरिएको ।

३. पैठारीकर्तालले मिति २०७६।१।१३ मा पत्र बुझिलिई सोको जवाफ निर्धारित समयभित्र पेश नगरेको।

४. पैठारीकर्तालले म्यादभित्र कुनै लिखित जवाफ पेश नगरेको, मिति २०७६।१।१३ मा जारी गरिएको सूचनामा उल्लेख भए बमोजिम कायम गरिएको थप महसुल निर्धारणमा परिवर्तन गर्नुपर्ने आधार प्रमाण देखिएको पैठारीकर्तालले पैठारी गरेको मालवस्तु भन्सार महसुल दरबन्दी उपशिर्षक ८४७४९००० मा स्पष्ट रुपमा पार्टपुर्जा (अंगहरु) भनि किटान गरेकोले दाखिला गर्नुपर्ने भन्सार महसुल रु ७५,०८४।— तथा भन्सार ऐन २०६४ को दफा ३४ को उपदफा (३) बमोजिम शतप्रतिशत जरिवाना रु.७५,०८४।— समेत जम्मा रु. १,५०,१६८।— तथा मू.अ.करतर्फ रु. १०,३४,६६३।— र भन्सार ऐन २०६४ को दफा ३४ को उपदफा (३) बमोजिम शतप्रतिशत जरिवाना १०,३४,६६३।— समेत जम्मा रु २०,६९,३२६।— समेत कुल जम्मा रु. २२,१९,४९४।— (अक्षेरुपी बाईस लाख उन्नाईस हजार चार सय चौरानब्बे मात्र) को भन्सार ऐन २०६४ को दफा ३४ बमोजिम हुने गरी भन्सार जाँचपास परीक्षण कार्यालय काठमाडौबाट मिति २०७६।१।२९ मा जारी भएको महसुल निर्धारण आदेश ।

५. पैठारीकर्तालाई मिति २०७६।१।१३ गते लिखित जवाफ पेश गर्न जारी गरेको सूचना सोही दिन बुझिलिई मिति २०७६।१।३१ मा प्रमाण सहित जवाफ पेश गरेको विवरण।

६. पैठारीकर्ताले मिति २०७६।०१।१३ को पत्रमा रु.७८,३८,७००।—को सामान खरिद गर्ने L/C खोलिएको, रु.४४,०३,७००।— को माल सामान मात्र पैठारी भएको देखिंदा पार्टपुर्जा मात्रको लागी भन्सार महसुल दरबन्दी उपशिर्षक नमिलेको भनि शुरु भन्सार कार्यालयबाट भएको निर्णय कानुनसम्मत नदेखिएकोले सो निर्णय बदर गरी पाउँ भन्ने व्यहोराको पुनरावेदक पैठारीकर्ताले मिति २०७६।२।२४ मा यस न्यायाधिकरणमा दायर गरेको पुनरावेदन पत्र।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट भएको मिति २०७६।१०।२४ मा भएको आदेश।

## ठहर खण्ड

८. नियम बमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकलाई पटकपटक इजलासबाट पुकारा गर्न लगाएकोमा पुनरावेदकको तर्फवाट कोही उपस्थित भएको नपाइएको र प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका विद्धान उपन्यायाधिवक्ता श्री दिपक भण्डारीले पुनरावेदकले **Complate Set** लाई **L/C** मा खुलेको विजक पेश गर्दा **Complate Set** नभई केही मेशिनका केही अंगहरु पार्टपुर्जा मात्र भएको देखिंदा आर्थिक ऐन, २०७० ले **Crossing Skin Plant** ल्याउदा भन्सार वर्गिकरणले छुट दिने व्यवस्था गरिएकोमा पैठारीकर्ताले भन्सार दरबन्दी उपशिर्षक ८४.७४.९०.०० अन्तर्गत पार्टमा ल्याएको हुंदा ५ प्रतिशत भन्सार लाग्ने र प्रमाण कागजात सहित जवाफ म्यादभित्रै पेश नगरी निर्णय भन्दा पछि पेश गरेको जवाफको कुनै औचित्य नहुने हुदां भन्सार महसुल निर्धारण गर्ने गरी शुरु कार्यालयबाट भएको निर्णय सदर कायम हुनु पर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

९. उपर्युक्त बमोजिमको तथ्य एवं पुनरावेदन जिकीर रहेको प्रस्तुत मुद्दामा विद्धान उपन्यायाधिवक्ताको बहसलाई समेत मध्यनजर गरी हेर्दा, यसमा भन्सार जाँचपास परिक्षण कार्यालय काठमाडौका प्रमुख भन्सार परिक्षण प्रशासकबाट भएको मिति २०७६/१/२९ को निर्णय मिलेको छ, छैन? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१०. निर्णयतर्फ विचार गरी मिसिल अध्ययन गर्दा, पुनरावेदक पैठारीकर्ताले भैरहवा भन्सार कार्यालयबाट सन् २०१४।३।१२ प्रज्ञापनपत्र नं.P१९७३७ बाट पैठारी गरेको मालवस्तु **Complete Crushing and Screening Plant** को लागि आवश्यक पार्टस खरिद गरि **L/C** खोलिएको पुरै रकमको पार्टस खरिद भएको प्रमाण समेत पेश गरेकोमा उक्त मालवस्तु सिंगो मेशिन नभएर मेशिनका केही अंगहरुका पार्टपुर्जा भएको प्रमाणित भएको भई आर्थिक ऐन, २०७० को भन्सार दरबन्दी तर्फको अनुसूची -१ को दफा १४ को उपदफा (३) को खण्ड (ग) बमोजिमको सुविधा पाउने नदेखिई

पैठारी गरेको मालवस्तु भन्सार दरबन्दी उपशिर्षक ८४.७४.९०.०० मा स्पष्ट रुपमा पार्टपुर्जा (अंगहरु) भनि किटान गरेको देखिदां भन्सार दरबन्दी उपशिर्षक ८४.७४.९०.०० बाट वर्गिकरण भई भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा (३) बमोजिम जरिवाना रु.१०,३४,६६३।—समेत कुल जम्मा रु.२२,१९,४९४।—महसुल निर्धारण हुने गरी भन्सार जाँचपास परिक्षण कार्यालयबाट निर्णय भएको देखिन आयो।

११. पैठारीकर्ताले भैरहवा भन्सार कार्यालयबाट सन् २०१४।३।१२ प्रज्ञापनपत्र नं. P१९७३७ बाट पैठारी गरेको मालवस्तु क्रसिङ्ग मेशिन **Complate Set** लाई **L/C No NCCB0170FC058S** मिति २४.२.२०१४ मा भा.रु.७८,३८,७०० मा खरिद गर्ने उल्लेख भएकोमा INVOICE NO 372 मिति ०६.०३.२०१४ मा भा.रु.४४,०३,७०० मात्रको खरिद विजक **Packing List** अनुसार उक्त मालवस्तुहरु सिंगो मेशिन नभई केही अंगहरु पार्टपुर्जा भएको देखिएकोले थप महसुल निर्धारण गर्नुपर्ने भई सो थप महसुल निर्धारण गर्न नपर्ने कुनै प्रमाण कागजात सहित जवाफ पेश गर्न भन्सार जाँचपास परीक्षण कार्यालयबाट मिति २०७६।१।१३ गते पत्राचार गरिएकोमा पैठारीकर्ताले वारेस चनदेवी प्रजापती मार्फत सोही मितिमा पत्र बुझे पनि सो सम्बन्धमा मिति २०७६।१।३१ मा मात्र म्याद नघाई जवाफ पेश गरेको देखिन्छ।पैठारीकर्ताको जवाफमा पैठारी गरिएका सामानहरु क्रसिङ्ग मेसिनको कम्प्लिट सेट हो, एसेम्बल गरिएको पूर्ण क्रशर सेट ढुवानी गर्न नमिल्ने हुंदा पार्टसहरु अलग गरी पैठारी भएको हो भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ।

१२. पैठारीकर्ताले सन् २०१४।०३।१२ सम्ममा प्र.द.न.१९७३७ वाट पैठारी गरेको मालवस्तु भन्सार शीर्षक ८४.७४.२०.०० वाट वर्गिकरण गरी आर्थिक ऐन, २०७० को भन्सार करकट्टी तर्फको अनुसूची -१ को दफा १४ को उपदफा (३) को खण्ड (ख) बमोजिम सुविधा समेत प्राप्त गरी भैरहवा भन्सार कार्यालयवाट जाँचपास भएको तथ्यमा विवाद देखिएन ।

१३. प्रस्तुत विषयमा भन्सार ऐन, २०६४ को दफा ३४ वमोजिम भन्सार जाँचपास परीक्षण कार्यालयवाट परीक्षण गर्दा पैठारीकर्ताले **L/C** मा उल्लेखित सवै मालवस्तुहरुको घोषणा विजकमा नभएकोले सिंगो मेशिन नभएर मेसिनको केही अंगहरु पार्टपुर्जा भएको भन्ने आधारमा भन्सार महशुल दरवन्दी उपशिर्षक ८४.७४.९०.०० वाट वर्गिकरण हुने र त्यस्तो पार्टपुर्जाले आर्थिक ऐन, २०७० को भन्सार दरवन्दी तर्फको अनुसूची -१ को दफा १४ को उपदफा (३) को खण्ड (ग) बमोजिमको सुविधा नपाउने भनी भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा (३) बमोजिम महशुल निर्धारण गरेको देखिन आउँछ।

१४. आ.व. २०७०/०७१ को भन्सार महशुल दरवन्दी हेर्दा भन्सार महशुल दरवन्दी उपशिर्षक ८४.७४.२०.०० मा क्रशिङ वा ग्राइण्डिङ्ग मेसिनहरु, मिक्सिङ वा निडिङ्ग

मेसिनहरु भन्ने उल्लेख भएको देखियो भने उपशिर्षक ८४.७४.९०.०० मा अङ्गहरु(पार्टस) भन्ने उल्लेख भएको देखिन्छ। पैठारीकर्ताले मशिन पैठारी गरेको नभई पार्टसहरु मात्र पैठारी गरेको देखिँदा प्र.द.न. १९७३७ बाट पैठारी गरेको मालवस्तु उपशिर्षक ८४.७४.९०.०० बाट वर्गिकरण गर्नुपर्ने भन्ने शुरु भंसार जाँचपास परीक्षण कार्यालयको निर्णय कानुन सम्मत नै देखिन आयो ।

१५. आर्थिक ऐन, २०७० को भन्सार दरवन्दी तर्फको अनुसूची -१ को दफा १४ को उपदफा (३) को खण्ड (ग) मा भाग ८४ को दरवन्दीमा माफी जनिए बाहेकका पाँच प्रतिशत भन्सार महशुल लाग्ने घरायसी प्रयोग हुन सक्ने बाहेकका मिल मेशिनरी एवं यन्त्रोपकरणहरु (पार्टपुर्जा बाहेक) को पैठारीमा चार प्रतिशत मात्र भन्सार महशुल लाग्नेछ भन्ने समेत व्यवस्था रहेको पाइयो।

१६. भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा (३) मा " ***उपदफा (१) बमोजिम परीक्षण गर्दा मालवस्तुको वर्गिकरणको उपशिर्षक फरक परेको वा लाग्ने महसुल छूट भएको कारणले कम महसुल असूल भएको देखिएमा त्यस्तो कम महसुल रकम र सो बराबरको जरिवाना रकम भन्सार जाँचपास परीक्षण कार्यालयले निकासीकर्ता वा पैठारीकर्ताबाट तत्काल असुल गर्नेछ*** " भन्ने कानुनी व्यवस्था रहेको देखिन्छ।पैठारीकर्ताले पैठारी गरेको मालवस्तुहरु सिंगो मेशिन नभई मेशिनका केही अंगहरु पार्टपुर्जा भएको देखिंदा भन्सार महसुल दरबन्दी उपशिर्षक ८४.७४.९०.०० मा समेत स्पष्ट रुपमा पार्टपुर्जा (अंगहरु) भनि व्याख्या गरेको पाइएकोले उक्त मालवस्तु भन्सार महसुल दरबन्दी उपशिर्षक ८४.७४.९०.०० अन्तर्गतका पर्ने हुँदा भैरहवा भन्सार कार्यालयवाट जाँचपास हुँदा उपशिर्षक ८४.७४.२०.०० बाट वर्गीकरण गरी आर्थिक ऐन, २०७० बमोजिमको सुविधा समेत प्रदान गरेको देखिंदा महसुल कम असुल भएको देखियो।यसमा आर्थिक ऐन, २०७० को भन्सार दरबन्दी तर्फको अनुसूची -१ को दफा १४ को उपदफा (३) को खण्ड (ग) बमोजिमको सुविधा पाउने अवस्था देखिन आएन। त्यसैले भन्सार जाँचपास परीक्षण कार्यालयले भन्सार ऐन, २०६४ को दफा ३४(३) बमोजिम महसुल निर्धारण गर्ने गरि गरेको निर्णयलाई अन्यथा भन्न मिल्ने देखिएन।

१७. तसर्थ माथि विवेचना गरिएको आधार र कारणबाट पुनरावेदक पैठारीकर्ता न्यू मनकामना मिलर प्रोडक्ट प्रा.लि.लाई भन्सार महसुल निर्धारण गर्ने गरी भंसार जाँचपास परीक्षण कार्यालय काठमाडौका प्रमुख भन्सार परीक्षण प्रशासकबाट मिति २०७६।०१।२९ मा भएको निर्णय मिलेकै देखिंदा सदर हुने ठहर्छ। पुनरावेदक पैठारीकर्ताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरु तपसिल बमोजिम गर्नू।

## तपसिल खण्ड

१. यो फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी विशेष सरकारी वकिलको कार्यालय काठमाडौंलाई पठाइदिनू।

२. प्रस्तुत फैसलाको विद्युतिय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिइ नियमानुसार प्रतिलिपी दिनू।

४. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइ दिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमति छ ।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

फैसला तयार पार्न सहयोग पुऱ्याउनहुनेः-
शाखा अधिकृतः सनिता लामा
टिपोट गर्नेः कम्प्युटर अपरेटर चन्द्र बहादुर नेपाली
फैसला मितिः२०७९।३।३०।५
फैसला प्रमाणीकरण मितिः

राजस्व न्यायाधिरण काठमाडौ,मुकाम ललितपुरको छाप